**नेपाल सरकार**

# राष्ट्रिय परीक्षा बोर्ड

**परीक्षा नियन्त्रण कार्यालय (कक्षा ११ र १२)**

**सानोठिमी, भक्तपुर**

## कक्षा १२ को नियमित, ग्रेडवृद्धि तथा कक्षा ११ को ग्रेडवृद्धि परीक्षार्थीहरूको

## परीक्षा आवेदन फाराम भर्ने/भराउने सम्बन्धी सूचना

कक्षा ११ र १२ मा अध्यापनका लागि सम्बन्धन प्राप्त माध्यमिक विद्यालय/क्याम्पसमा अध्ययन गरी २०८१ सालमा सञ्चालन गरिने कक्षा ११ को ग्रेडवृद्धि र कक्षा १२ को वार्षिक परीक्षामा सहभागी हुने नियमित र ग्रेडवृद्धितर्फका **(रजिष्ट्रेशन नम्बरका शुरुका दुई अङ्क ७६ र ७७ भएका परीक्षार्थीहरुका लागि अन्तिम एक पटकका लागि मात्र)** परीक्षार्थीहरूले २०८० साल माघ मसान्तभित्र परीक्षा शुल्क वापतको रकम दाखिला गर्न र सो समयभित्र रकम दाखिला गर्न छुटेका परीक्षार्थीहरूले २०८० फागुन १५ गतेसम्म **विलम्ब शुल्कसहित** रकम बुझाई राष्ट्रिय परीक्षा बोर्डले तोकेको ढाँचामा परीक्षा आवेदन फाराम **भर्नुहुन सूचित गरिन्छ ।** सम्बन्धित विद्यालय/क्याम्पसहरूले विद्यार्थीहरूले भरेको फाराम सङ्कलन गरी रकम बुझाएको बैंक भौचर/डिजिटल भुक्तानी गरेको अवस्थामा सोको प्रमाणसहित २०८० फागुन २१ गतेभित्र राष्ट्रिय परीक्षा बोर्डका सम्बन्धित कार्यालयमा आवेदन फाराम बुझाउनुहुन यो सूचना प्रकाशित गरिएको छ । परीक्षा आवेदन फाराम भर्दा तपसिल अनुसार गर्नु/गराउनुहुन समेत अनुरोध छ ।

१. कक्षा १२ को नियमित परीक्षार्थीको रुपमा आवेदन फाराम भर्ने विद्यार्थीहरू (रजिष्ट्रेशन नम्बरको शुरुका दुई अङ्क ८० भएका) ले २०८० सालमा विद्यालयमार्फत लिइएको कक्षा ११ का सम्पूर्ण विषयमा सैद्धान्तिकतर्फ न्यूनतम D एवं आन्तरिक मूल्याङ्कन/प्रयोगात्मक तर्फ C ग्रेड प्राप्त गरेको हुनु पर्नेछ । परीक्षा आवेदन फारामका साथ विद्यालयबाट प्रदान गरिएको (तोकिएको न्यूनतम ग्रेड प्राप्त गरेको) कक्षा ११ को ग्रेडसिट प्र.अ. बाट प्रमाणित गराई अनिवार्य रुपमा संलग्न गर्नु पर्नेछ । अन्यथा आवेदन फाराम मान्य हुने छैन ।

२. परीक्षा आवेदन शुल्क (विलम्ब शुल्करहित) प्रति विद्यार्थी रु. ६००।- (छ सय) वा विलम्ब शुल्कसहित प्रति विद्यार्थी रु. १२००।- (एक हजार दुई सय) राष्ट्रिय परीक्षा बोर्डको खातामा दाखिला गर्नु पर्नेछ ।

   बोर्डद्वारा वाहृय परीक्षक खटाई प्रयोगात्मक परीक्षा लिइने प्रयोगात्मक परीक्षाका लागि विद्यार्थीले प्रति विषय रु. ७५।- (पचहत्तर) थप बुझाउनु पर्नेछ । प्रयोगात्मक वापत शुल्क बुझाउनु पर्ने विषयहरु बुँदा नं. ६ मा उल्लेख गरिएको छ । प्रयोगात्मक शुल्क रु. ७५।- (पचहत्तर) मध्ये प्रति विषय रु. २५।- (पच्चिस) का दरले हुने रकम सम्बन्धित विद्यालयमा नै राखी आन्तरिक परीक्षकको पारिश्रमिक वापत उपलव्ध गराउनु पर्ने एवं बाँकी प्रति विषय रु.५०।- (पचास) का दरले हुने रकमको बैंक भौचर राष्ट्रिय परीक्षा बोर्डको सम्बन्धित कार्यालयको नाममा २०८० माघ मसान्तभित्र दाखिला गर्नु पर्नेछ । सो समयभित्र प्रयोगात्मक शुल्क बुझाउन छुट भएका परीक्षार्थीहरूले **विलम्ब शुल्कसहित** प्रति विषय रू. १५०।- **मध्ये** प्रति विषय **रू. १००।-** का दरले हुने रकम २०८० फागुन १५ गतेभित्र बोर्डको खातामा दाखिला गर्नु पर्नेछ । तोकिएको मिति पछि जम्मा गरिएका भौचर राखी बुझाइएका फारामहरू स्वीकृत गरिने छैन ।

३. जुन अवधि र प्रयोजनका लागि रकम दाखिला गर्न भनिएको हो सो अवधिभित्रको बैंक भौचर सोही प्रयोजनका लागि मात्र प्रयोग गर्न पाइनेछ । सो भन्दा फरक मितिको बैंक भौचर स्वीकार गरिने छैन ।

४. विद्यालयले विद्यार्थीहरूको परीक्षा आवेदन फाराम पठाउँदा साल र रजिष्ट्रेशन नम्बरको आधारमा क्रमाङ्क मिलाई पठाउनु पर्नेछ ।

५. नियमित र ग्रेडवृद्धि दुवै समूहका विद्यार्थीहरूले तोकिएकै परीक्षा केन्द्रबाट परीक्षा दिनु पर्नेछ । परीक्षा केन्द्र परिवर्तन हुने छैन ।

६. कक्षा १२ मा अध्यापन हुने Physics (1022/9132), Biology (2022/9102), Chemistry (3022/9112), Computer Science (4282/9152) र Hotel Management (4402) विषयको वाहृय परीक्षक बोर्डका सम्बन्धित कार्यालयद्वारा नियुक्त गरी प्रयोगात्मक परीक्षा सञ्चालन गरिने छ । उक्त परीक्षाको समयतालिका सम्बन्धमा सम्बन्धित विद्यालयका प्रधानाध्यापकले राष्ट्रिय परीक्षा बोर्डको सम्बन्धित कार्यालयसँग समन्वय गरी २०८० चैत्र मसान्तभित्र तय गर्नु पर्नेछ तथा उक्त प्रयोगात्मक परीक्षा २०८१ वैशाख मसान्तभित्र सम्पन्न गरी विद्यार्थीको प्राप्ताङ्क Online entry समेत गरी hardcopy र softcopy २०८१ जेठ ७ गतेभित्र बोर्डका सम्बन्धित कार्यालयमा बुझाउनु पर्नेछ । माथि उल्लेखित पाँच विषय बाहेकका अन्य विषयहरूको प्रयोगात्मक/आन्तरिक परीक्षा २०८१ वैशाख १५ गतेभित्र सम्पन्न गरी सोको प्राप्ताङ्क समेत २०८१ जेठ ७ गतेभित्र बोर्डका सम्बन्धित कार्यालयमा बुझाउनु पर्नेछ एवं ती विषयहरूका लागि आन्तरिक तथा वाहृय परीक्षकको व्यवस्था विद्यालय स्वयंले गर्नु पर्नेछ । तोकिएको समयभित्र प्राप्त नभएका प्राप्ताङ्क उपर कुनै कारवाही गरिने छैन ।

७. ग्रेडवृद्धि परीक्षार्थीको रूपमा सहभागी हुने परीक्षार्थीहरूले आफु कक्षा १२ को नियमित परीक्षामा जुन विद्यालयबाट आवेदन फाराम भरी परीक्षा दिएको हो सोही विद्यालयबाट मात्र आवेदन फाराम भर्नु/भराउनु पर्नेछ । अन्य विद्यालयबाट भरे/भराएको पाइएमा उक्त परीक्षा आवेदन फाराम रद्द गरिनेछ ।

८. कक्षा ११ मा जुन विषय र समूहमा अध्ययन गरेको हो कक्षा १२ मा समेत सोही विषय र सोही समूहबाट मात्र आवेदन फाराम भर्नु पर्नेछ । सो भन्दा फरक विषय र समूहबाट विषय छनौट गरेमा उक्त विषय स्वतः रद्द हुनेछ ।

९. प्रयोगात्मक परीक्षा मात्र बाँकी भएका ग्रेडवृद्धि (रजिष्ट्रेशन नम्बरका शुरुका दुई अङ्क ७६ र ७७ भएका) परीक्षार्थीहरूले समेत अनिवार्य रूपमा परीक्षा आवेदन फाराम भरी बुँदा नं. २ मा उल्लेख गरे अनुसारको शुल्क बुझाउनु पर्नेछ ।

१०. रजिष्ट्रेशन नम्बरका शुरुका दुई अंक ७८ र ७९ भएका (नयाँ पाठ्यक्रम अनुसार) ग्रेडवृद्धि परीक्षार्थीहरुले आफूले जुन विषयमा NG (Not Graded) प्राप्त गरेको वा अनुपस्थित (Abs) भएको हो सो विषयको मात्र परीक्षा आवेदन फारम भर्नु पर्नेछ । साथै त्यस्ता परीक्षार्थीको आन्तरिक/प्रयोगात्मक अंक समेत छुटेको हकमा सैद्धान्तिकका साथै आन्तरिक/प्रयोगात्मक विषयको समेत कोड उल्लेख गरी परीक्षा आवेदन फारम भर्नु पर्नेछ । कक्षा १२ को नियमित परीक्षार्थीको रुपमा अध्ययनरत विद्यार्थीहरूले अतिरिक्त विषयको फाराम भरी परीक्षामा सहभागी हुनका लागि निजले कक्षा ११ मा समेत सोही विषय अतिरिक्त विषयको रुपमा अध्ययन गरेको हुनु पर्नेछ ।

११. परीक्षा आवेदन फाराम विद्यार्थी स्वयंले भरेको हुनुपर्नेछ । विद्यार्थीको उक्त विवरणलाई विद्यालयले अनलाईन (Online) मार्फत प्रविष्टी (Entry) गर्ने व्यवस्था मिलाइनेछ । अनलाईन (Online) मार्फत प्रविष्टी (Entry) गर्नका लागि बोर्डको अनलाईन प्रविष्टी (Online Entry) सम्बन्धमा https://exam.neb.gov.np अथवा बोर्डको Website: www.neb.gov,np मा गई Online Exam Form (Class 12) मा Click गरे पश्चात् प्राप्त विवरण अनुरुप समेत Entry गर्न सकिनेछ । साथै नियमित परीक्षार्थीको लागि मिति २०८० माघ २१ गतेदेखि मिति २०८० फागुन २० गतेसम्म र ग्रेडवृद्धि (नयाँ पाठ्यक्रम अनुरुप) परीक्षार्थीका लागि मिति २०८० फागुन १ गतेदेखि ऐ. २० गतेसम्म अनलाईन (Online) इन्ट्री खुला गरिने हुँदा सोही अनुसार समयमै आवेदन फारामको अनलाईन प्रविष्टी (Online Entry) गर्नुहुन सम्पूर्ण विद्यालयहरूलाई अनुरोध गरिन्छ ।

***१२. लेटर ग्रेडिङ निर्देशिका, २०७८ अनुसार आन्तरिक/प्रयोगात्मक मूल्याङ्कनमा तोकिएको ग्रेड (C) प्राप्त नभई वार्षिक परीक्षामा संलग्न भएको विद्यार्थीको परीक्षा रद्द हुने हुँदा वार्षिक परीक्षा सञ्चालन हुनुपूर्व नै आन्तरिक/प्रयोगात्मक अङ्क प्रविष्टी गरी Hard Copy सहित बोर्डका सम्बन्धित कार्यालयहरूमा बुझाउनुहुन समेत यसै सूचनामार्फत जानकारी गराईन्छ । साथै गत वर्ष आन्तरिक मूल्याङ्कनको अङ्क छुट भएका ग्रेडवृद्धि परीक्षार्थीहरूको समेत अनिवार्य रुपमा अङ्क प्रविष्टी गरी पठाउनुहुन समेत अनुरोध गरिन्छ ।***

१३. परीक्षा आवेदन फाराम वापतको शुल्क राष्ट्रिय वणिज्य बैंकमा रहेको बोर्डको खातामा सिधै भौचरमार्फत वा System मा रहेको Payment Gateway हरु (Connect IPS, e-Sewa, Khalti, RBB mobile banking) प्रयोग गरी जम्मा गर्न सकिनेछ । डिजिटल भुक्तानी गरेको अवस्थामा सोको प्रमाण समेत अनिवार्य रुपमा फारम साथ पेश गर्नु पर्नेछ ।

१४. राष्ट्रिय परीक्षा बोर्डका कार्यालयहरूले आ-आफ्नो क्षेत्र भित्रका विद्यालय/क्याम्पसहरूलाई सूचनाको जानकारी गराई यसै सूचना अनुसार कार्य सम्पादन गर्नु/गराउनु हुन जानकारी गराइन्छ ।

–परीक्षा नियन्त्रक